अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०१।०२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी बैकुण्ठ अधिकारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ बुटवलका **तत्कालीन प्रदेश सचिव बैकुण्ठ अधिकारी** समेतका प्रतिवादी आर्थिक बर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास कार्यक्रमतर्फ रोल्पा, प्यूठान, गुल्मी, पाल्पा लगायतका जिल्लाहरुमा कृषि यान्त्रिकरण कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम खरिद सम्बन्धी सम्पूर्ण कागजात अध्ययन नगरी/नगराई सम्झौता बमोजिम गुणस्तर र ब्राण्डको वितरण गर्नुपर्ने यन्त्र उपकरणभन्दा कम गुणस्तरको र फरक ब्राण्डको मिनिटिलर बापत आपूर्तिकर्तालाई भुक्तानी गरी प्रदेश सरकारलाई रु.१,३१,६०,०००।- बदनियतपूर्वक हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा सोही ऐनको सोही दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,३१,६०,०००।- कायम गरी कैद र जरिवाना एवं बिगो असुल हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०१।३१ को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८२।०१।०२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल